नेपाल धितोपत्र बोर्ड बाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

Nepal Stock Exchange Limited

(An Undertaking Government of Nepal)

## प्रेस विज्ञप्ति

नेपालको पुंजी वजारलाई अत्याधुनिक युगमा प्रवेश गराउने गरी माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाद्वारा मिति २०७५/०७/२० गते मंगलवार पूर्ण स्वचालित नेप्से अनलाईन कारोवार प्रणाली समुद्घाटन भएको सर्वविदितै छ । यो प्रणालीबाट कारोबार हुन लागेको आज तेस्रो दिन हो । नवस्थापित प्रणालीले क्रमिक रुपमा स्थायित्व प्राप्त गर्दै गइरहेको अनुभव हामीले गरेका छौं । यसबीचमा यो प्रणालीका विषयमा उठाइएका केही जायज चासोहरुलाई सम्वोधन गर्नुपर्ने भएकाले यो विज्ञप्ति जारी गरिएको छ ।

नयाँ प्रणाली स्थापनापछि लगानीकर्ताले सामना गरेको मुख्य समस्या कारोवारको विवरण Real Time मा हेर्न नपाउने थियो । यो समस्या कारोवार प्रणालीसँग नभई कारोवारको विवरण प्रसारण गर्ने माध्यममा भएको समस्या हो । नेप्सेको कारोवार प्रणाली र वेभसाइट छुट्टाछुट्टै datd center मा सञ्चालन हुन्छ । नेप्से कारोवार प्रणालीमा भएको कारोवारको विवरण Application Programm Interface (API) मार्फत नेप्से वेभसाइटमा डिस्प्ले गर्दा data exchange मा केही समस्या भएको हुँदा कारोवार विवरण पठाउन नसकिएकोले सर्वसाधारणले Website बाट अद्यावधिक सूचना प्राप्त गर्न नसकेको र हाल उक्त समस्या निराकरण गरिएको व्यहोरा जानकारी गराउँछौं ।

नेप्सेले सुरुदेखि नै संसारभर प्रचलित Value Weighted Index विधि अनुरुप परिसूचक गणना गरी प्रचलनमा ल्याएको सबैमा जानकारी छ । नयाँ कारोवार प्रणाली स्थापनापछि पनि वजार परिसूचक गणना विधिमा परिवर्तन गरिएको छैन र यस सम्वन्धमा कुनै द्विविधा भए स्पष्ट हुन अनुरोध गर्दछौं ।

केही लगानीकर्ताले एउटा ब्रोकरमा देखिरहेको मूल्य र अर्को ब्रोकरमा देखिरहेको मूल्य फरक परेको गुनासो गर्नुभएको छ । नयाँ प्रणालीमा प्रत्येक ब्रोकरले Connection स्थापित गर्ने क्रममा अविच्छिन्न रुपमा connection स्थापित गर्न नसकेको, अर्को ब्रोकरभन्दा फरक समयमा सम्पर्क स्थापित गरेको लगायतका कारणले फरक विवरण देखिएको हुन सक्छ ।

लगानीकर्ताले तत्काल राफसाफ तथा फछ्र्यौटको माग गरिरहनु भएको हामीलाई जानकारी छ । क्लियरिङ वैंकले रकमको विद्युतीय स्थानान्तरणलाई सहज वनाएको अवस्थामा मात्र त्यो सम्भव हुन्छ । हाल नेप्सेसँग आवद्ध ४ वटा क्लियरिङ वैंकमध्ये एउटाले आफ्ना ग्राहकलाई यो सुविधा प्रदान गरिरहेको छ । नेप्सले विद्यमान सबै क्लियरिङ वैंकलाई यो सुविधा प्रदान गर्न आह्वान गरिसकेको छ भने अरु वैंकहरुले पनि यो व्यावसायिक अवसरलाई वुझेर यसमा प्रवेश गर्ने छन भन्ने अपेक्षा गरेको छ ।

नेप्से पुँजी वजारको विकास र विस्तारमा प्रतिवद्ध छ । यसै प्रतिवद्धता अनुरुप पूर्ण स्वचालित अनलाईन कारोवार प्रणाली सञ्चालनमा ल्याइएको हो । यसले पुँजी वजारको पहुँच आम जनतामा पुऱ्याउने छ । यो प्रणालीलाई सफलतापूर्वक सञ्चालन गर्नुमा हामी सबैको हित छ र यसमा सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा हामीले गरेका छौं ।

मिति : २०७५/०७/२६

मुराहरि पराजुली

प्रवक्ता